अन्नपुर्ण गाउंपालिका

# गाउकार्यपालिका‌को कार्यालय

पोखरेबगर,म्याग्दी

## गाउपालिकाको आवधिक रणनीतिक योजना तयार गर्ने कार्यको

## कार्यशर्त विवरण

**प्रस्तावक:**

अन्नपुर्ण गाउंपालिका

गाउकार्यपालिकाको कार्यालय

पोखरेबगर,म्याग्दी

# १. परिचय तथा पृष्ठभूमि

१.१ पृष्ठभूमि नेपालले योजनावद्ध रुपमा विकास गर्न थालेको छ दशक पार भैसकेको छ। यो अभ्यास राष्ट्रिय स्तरमा मात्र सीमित थियो । नेपाल अधिराज्य संघीयतामा गएको र संघीय संरचनाहरु तयार भै संघीय स्तरमा विकासका कार्यहरु स्थानीय तहबाट योजना, कार्यक्रम तथा कार्यान्वयन भएको छ। स्थानीय तहमा गरिने विकासका योजना तथा प्राथमिकताहरुलाई योजनाबद्ध प्रणाली अपनाइ स्थानीय तहको क्षमता अभिबृद्धि गर्न आवश्यक भएकोछ। स्थानीय तह कार्य संचालन ऐनले प्रदान गरेको अधिकार तथा जिम्मेवारी गाउपालिकाले पालना गरी सोही ऐन अनुसार संचालन गर्नु पर्दछ। साथै विकासका लागि आवधिक र वार्षिक योजना तजुमा गर्नुपर्ने तथा एकीकृत योजना तयार गरी गाउंपालिको विकासका दीर्घकालिन लक्ष्य, उद्देश्य र कार्यनीति उल्लेख गरिएको योजना दस्तावेज तयार गर्नु पर्ने छ।

१.२ एकिकृत रणनीतिक आवधिक विकास योजना, प्रकृति र यसले समेट्ने क्षेत्रहरु ***(Scope)*** गाउंपालिको दीर्घकालीन सोँच/परिकल्पना उन्मुख कम्तिमा ५ वर्षे एकिकृत रणनीतिक आवधिक योजना तर्जुमा गर्न आवश्यक पर्ने तथ्यांक, बिश्लेषण, अन्तरक्रिया, छलफल आदि अपनाई गरिने सहभागितात्मक पद्धतीबाट तयार गरिने योजना हो। आवधिक योजना मूलतः दीर्घकालीन सोँच उन्मुख, रणनीतिक तथा सांकेतिक (vision oriented, strategic and indicative) योजनाका रुपमा तयार हुनेछ आवधिक योजना रणनीतिक योजनाको रुप तयार गरिएता पनि यसले महत्वपूर्ण आयोजनाहरु (projects)समेत समेट्नेछ। यसरी महत्वपूर्ण आयोजनाहरुको कार्यान्वयनका लागि कार्यान्वयन योजना (project implementation schedule) तयार गरिनेछ । पहिलो वर्षको लागि विस्तृत कार्ययोजना (detail implementation schedule) समेत तयार गरिनेछ।

आवधिक विकास योजनाले गाउपालिकामा हुने विकासको गतिलाई स्पष्ट दिशाबोध गर्नु पर्ने भएकोले यस योजनाले स्थानगत विशेषताहरू (spatial characteristics)मा आधारित एकीकृत र बहु विषयगत योजना (integrated multi-sectoral development plan) लाई समन्वय गर्नेछ।

गाउंपालिको एकीकृत बहु विषयगत रणनीतिक योजना ३ वर्ष र ५ वर्षको आवधिक योजना तर्जुमा गर्नु पर्ने छ। यसको कार्य क्षेत्रगत योजनाको मध्यावधि बजेट तथा खर्च मूल्यांकन गरि मध्यावधि रणनीतिक योजनाको परिमार्जन गर्न सकिने प्रावधानहरु तयार गरिनु पर्दछ। गाउंपालिको विकास गर्न क्षेत्रगत रुपमा देहायका १६ वटा विभिन्न विषयगत कार्यहरू र यसको एकिकृत विकास राणनीति योजना तयार गरिने छ।

- कृषि सम्बन्धी
- ग्रामीण खानेपानी तथा वस्ती विकास सम्बन्धी
- जलविद्युत सम्बन्धी
- निर्माण तथा यातायात सम्बन्धी
- भूमिसुधार तथा भूमि व्यवस्था सम्बन्धी
- महिला सशक्तिकरण सम्बन्धी
- वन तथा वातावरण सम्बन्धी
- शिक्षा तथा खेलकुद सम्बन्धी
- श्रमको ज्याला सम्बन्धी
- सिंचाई र भूक्षय तथा नदी नियन्त्रण
- सूचना तथा संचार सम्बन्धी
- भाषा र संस्कृति सम्बन्धी
- घरेलु उद्योग सम्बन्धी
- स्वास्थ्य सेवा सम्बन्धी
- पर्यटन सम्बन्धी

➢ विविध - तथ्यांक व्यवस्थापन, बाल विकास, दैवीप्रकोप, आदिवासी, जनजाति, उपेक्षित वर्गको उत्थान, जनशक्ति विकास र जनसंख्या व्यवस्थापन, औद्योगिक विकास, चल अचल सम्पत्ति संरक्षण आदि ।

## २.कामको उद्देश्य, पुर्व तयारी तथा अपेक्षित नतिजाहरु

२.१ उद्देश्यः यस आवधिक योजनाको मुख्य उद्देश्य गाउंपालिको समग्र विकासलाई कसरी बढी भन्दा वढी सहभागितामूलक, प्रभावकारी, सरल तथा ब्यवहारिक रुपमा तयार गरी क्रमशः विभिन्न आर्थिक वर्षहरुमा रणनीतिक योजनाहरुलाई प्रभावकारी कार्यान्वयन तथा अनुगमन गरी निर्धारित लक्षहरु हासिल गर्न सकिन्छ भन्ने बारे रणनीतिक दस्तावेज वा मानचित्र (Road map)तयार गर्नु हो । यस आवधिक विकास योजनाका विशिष्ट उद्देश्यहरु निम्न बमोजिम रहेकाछनः

- दीर्घकालीन सोंच (Vision) र उद्देश्यहरु(Goals) अनुरुप आवधिक विकास योजना तर्जुमा गरी त्यसैबाट निर्देशित वार्षिक कार्यक्रम तर्जुमा गर्न दिशा निर्देश गर्ने ।
- आर्थिक तथा सामाजिक विकास लाई आधार बनाई नतिजामा आधारित वार्षिक कार्यक्रम र बजेट तर्जुमालाई निर्देशन गने ।
- सेवा सुविधालाई सर्व सुलभ, गुणस्तरीय र विश्वसनीय रणनीति तयार गर्ने ।
- बालमैत्री स्थानीय शासन र वातावरण मैत्री स्थानीय शासनलाई योजना प्रकृयामा समाहित गरी सुनौलो भविष्य निर्माण गर्ने ।
- समावेशीमूलक सहभागिता प्रवर्द्धन गर्ने ।
- वार्षिक विकास कार्यक्रम तथा बजेटलाई दीर्घकालीन सोंचबाट तथा लक्ष्यहरुमा आधारित भै तर्जुमा हुने प्रणाली विकास गर्न सकिने पद्धतिको प्रारुप तयार गर्ने ।
- आवधिक विकास योजना तर्जुमाको सिलसिलामा आयोजना हुने अनुशिक्षण र परामर्श गोष्ठीका माध्यमबाट जनतालाई विकास गतिविधि बारे जानकार हुने अवसर प्रदान गर्ने र उनीहरुको आवश्यकताको सम्बोधन हुने तरिका बारे आश्वस्त पार्ने ।
- संघीय र गण्डकी प्रदेशका आवधिक/पञ्चवर्षीय योजनासँग सामाञ्जस्य हुने गरी आवधिक विकास योजना तयार पार्ने ।
- गाउपालिकाको एकीकृत, नतिजामुलक र योजनाबद्ध विकासका लागि राजनीतिक, प्रशासनिक, सहकारी, नीजि क्षेत्र, नागरिक समाज तथा सरोकारवालालाई एकथलोमा ल्याई विकासमा साझा उत्तरदायित्व सिर्जना गर्ने ।
- गाउंपालिकाको विकासको लक्ष्य, रणनीति र प्राथमिकता निर्धारण गर्ने ।
- विकास तथा सेवा प्रदायक निकायहरुलाई जनताप्रति जिम्मेवारी र जवाफदेही बनाउने ।
- विकास प्रकृयामा नेतृत्व, स्वामित्व र सहयोगी भूमिका बारे स्पष्ट कार्य क्षेत्र किटान र जिम्मेवारी निर्धारण गर्ने ।
- स्थानीय सम्भावनालाई समृद्धिमा रुपान्तरण गर्न अवरोधको पहिचान गर्ने तथा समाधानको उपाय सहित श्रोत साधनको विनियोजनलाई मार्ग निर्देश गर्ने ।
- स्थानीय आवश्यकता र राष्ट्रिय प्राथमिकता वीच तालमेल कायम गर्ने ।

- सबै विकास प्रदायक निकायले आवधिक जिल्ला विकास योजनालाई अनुशरण गरी वार्षिक विकास कार्यक्रम तर्जुमा गरी स्थानीयस्तरमा सुधार गर्ने अवस्था सृजना गर्ने ।

२.२ पूर्व तयारी आवधिक विकास योजना तर्जुमाका लागि गरिने पुर्व तयारी देहाय बमोजिम हुनेछनः

- ऐन, नियम, निर्देशिका, संघीय/प्रादेशिक योजना तथा प्रतिवेदन अध्ययन एवं पुनरावलोकन गरी आवधिक योजना सम्बन्धी व्यवस्था बारे विवरण संकलन,
- अभिमुखीकरणको माध्यमबाट आवधिक योजना तयारी प्रक्रिया सम्बन्धी सहमती निर्माण,
- सहयोगी संयन्त्र निर्माण तथा अभिमुखीकरण,
- तथ्याङ्क/सूचना संकलन तथा विश्लेषण,तथ्याङ्क/सूचना विश्लेषण एवं गाउको वस्तुगत विवरण तथा नक्शा तयार,
- परामर्श गोष्ठी तथा छलफल आयोजना,
- विषयगत क्षेत्र योजना तर्जुमा कार्यशाला,
- आवधिक योजना तर्जुमा अन्तिम कार्यशाला गोष्ठी,
- आवधिक विकास योजनाको दस्तावेज तयारी र सुझाव संकलन,
- आवधिक विकास योजना स्वीकृति
- आवधिक विकास योजनाको कार्यान्वयन

२.३ अपेक्षित नतिजाहरु ***(Outputs of assignment)*** :

आवधिक विकास योजना तर्जुमा सम्बन्धी निर्देशिका, कार्ययोजना तथा कार्यविवरणको आधारमा गाउंपालिको वस्तुस्थिति चित्रण तथा विवरण र श्रोत नक्शा अद्यावधिक भई गाउको ५ बर्षे नतिजामा आधारित आवधिक विकास योजना तर्जुमा सहित देहाय बमोजिम उपलब्धी हासिल हुने अपेक्षा गरिएको छः-

२.३.१ गाउंपालिकाको अद्यावधिक वस्तुस्थिति विवरण तर्जुमा विकास प्रक्रियामा सबै सरोकारवालाको सहभागितामा अनुशिक्षण, परामर्श र सहमति निर्माण भई वस्तुस्थिति तथा संभावना विश्लेषण, आधाररेखा सूचना निर्धारण तथा प्रवृत्ति विश्लेषण गरिनेछ । यस अतिरिक्त गाउंपालिको SWOT Analysis अर्थात सबलपक्षहरु (Strengths), कमजोर पक्षहरु (Weaknesses), अवसरहरु (Opportunities) तथा चूनौतिहरु (Threats) विश्लेषण गरिनेछ । महत्वपुर्ण विवरण तथा सूचनाहरुको साथै स्थानगत संभावना तथा आवश्यकता विश्लेषण गरिएको प्रतिवेदन तयार हुनेछ । यसका साथै बालबालिका, युवा, महिला तथा विपन्न समूहको दृष्टिकोणबाट लैंगिक तथा सामाजिक समावेशीकरण र विपद् जोखिम व्यवस्थापन, जलवायु परिवर्तन अनुकुलन तथा उत्थानशिलता, फोहोरमैला व्यस्थापन, प्राकृतिक श्रोतको वैज्ञानिक व्यवस्थापन, वातावरण संरक्षणबाट वातावरणमैत्री स्थानीय शासनको अवस्था विश्लेषण गरिनेछ ।

२.३.२ श्रोत अनुमान, प्रक्षेपण तथा वित्तीय विश्लेषण यस अन्तर्गत आन्तारिक तथा वाह्य आयश्रोतको संभावना, लगानीका क्षेत्र तथा संभावनाहरु र सार्वजनिक खर्च व्यवस्थापन, वित्तीय जोखिम र वित्तीय उत्तरदायित्वको विश्लेषण गरिनेछ । स्रोत अनुमान गर्दा कन्द्रबाट प्राप्त हुने अनुदान, आफ्नै स्रोतबाट हुने आम्दानी तथा जन सहभागिता समेतको विश्लेषण गरिनेछ ।

२.३.३ एकिकृत विकास योजनाको नतिजामूलक खाका यस अन्तर्गत दिर्घकालिन सोच सहित विकासको अवधारणा, नतिजामा आधारित योजना तर्जुमा प्रणाली तथा दिर्घकालिन सौँच अनुसार समष्टिगत लक्ष्य, उद्देश्य, उपलब्धी तथा रणनीति सहित योजनाको एकीकृत सौँच तालिका, विषयगत क्षेत्र योजना, वहुक्षेत्र लगानी योजना तर्जुमा गरिनेछ ।

३. आवधिक योजना तर्जुमा विधि तथा प्रक्रिया आवधिक योजना तर्जुमाका निर्देशिकाहरु, शहरी तथा भवन विभागबाट तयार गरिएका मार्गदर्शन तथा सिकाई समेतलाई आधार मानी स्रोत, साधन र समयको अधिकतम उपयोग गर्दै आवधिक योजना तर्जुमा प्रकृयालाई सरल, ब्यवस्थित तथा प्रभावकारी रुपमा अवलम्बन गरिन छ । सहभागितामूलक योजना तर्जुमाका लागि सहभागिता र अपनत्व वृद्धि गरी दीर्घकालीन उपलब्धि हासिल गर्ने

प्रयास प्रारम्भिक विन्दुबाट थालनी गर्न सबै सरोकारवाला पक्षहरुको सक्रिय योगदान सुनिश्चित गरिने छ । आवधिक योजना तर्जुमालाई बढी भन्दा वढी सहभागितामूलक, सूचनामूलक तथा यथार्थमुखी बनाउन निर्धारित प्रक्रियागत चरणका बारेमा गाउमा सरोकारवालाहरु वीच छलफल तथा सहमति गरिने छ । आवधिक योजना तर्जुमा गर्दा Bottom up अध्ययन विधिकोप्रयोग गरिनेछ । संघीय र गण्डकी प्रदेश सरकारले निर्माण गरेका योजनासँग तादात्म्यता मिलाउनुका साथै संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयले जारी गरेको आवधिक योजना तर्जुमा निर्देशिका समेत अनुशरण गरिनेछ । योजना तर्जुमाका लागि अन्य कानूनी तथा नीतिगत देहाय अनुसार रहेका छन्ः-

- नेपालको संविधान, २०७२
- पन्ध्रऔ राष्ट्रिय योजना
- स्थानीय सरकार संचालन ऐन, २०७४
- नेपाल सरकार, गण्डकी प्रदेश सरकार, राष्ट्रिय योजना आयोगबाट जारी स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन

आवधिक योजना तर्जुमाका लागि निम्न अध्ययन विधि तथा प्रकयाहरु प्रयोग गरिनेछ ।

### ३.१ ऐन, नियम, निर्देशिका तथा प्रतिवेदन अध्ययन तथा पुनरावलोकन :

आवधिक गाउंपालिकाको विकास योजना तर्जुमासँग सम्बन्धित ऐन, नियम, निर्देशिका, जिल्लाको विगतको आवधिक जिल्ला विकास योजना, केन्द्रिय, प्रादेशिक तथा जिल्लाका विषयगत गुरुयोजनाहरु, अघिल्ला आवधिक योजनाको प्रतिवेदन तथा अन्तिम मूल्याङ्कन/समीक्षा प्रतिवेदन, नागरिक बडापत्र, जिल्लाको अध्यावधिक वस्तुगत विवरण प्रतिवेदन, जिल्ला विकाससँग सम्बन्धित प्रगति तथा अन्य प्रतिवेदनहरुको संकलन, अध्ययन तथा पुनरावलोकन गरिनेछ ।

### ३.२ पूर्व तयारी कार्यशाला गोष्ठी

योजना तर्जुमा गर्नको लागि सम्बन्धित सबै पक्षबीच आपसी सरसल्लाह, समझदारी कायम गरी के कसरी योजना तर्जुमा प्रक्रियालाई अगाडि बढाउने हो ? सोको लागि पूर्वयोजना तयारी कार्यशाला गोष्ठीको आयोजना गरिनेछ । योजना तर्जुमा गर्न चाहिने साधन (Inputs), नतिजा (Outputs) तथा प्रक्रिया (Process) निर्धारण पनि यसै प्रकियामा गरिनेछ ।

### ३.३ तथ्यांक संकलन तथा विश्लेषण

### ३.३.१ प्रारम्भिक विषयगत विश्लेषण

प्रत्येक विषयगत योजना तर्जुमा समितिहरूले आ-आफ्ना विषयगत क्षेत्रको कम्तिमा विगत ५ वर्षको अवधिमा कार्यान्वयन गरिएको नीति, रणनीति, कार्यक्रम तथा आयोजनाहरूको आम्दानी खर्च लगायतको लेखाजोखा तथा प्रगति समीक्षा गर्नुपर्ने र मुख्यमुख्य विकासका सूचकहरू निर्धारण गरी ५ वर्षको अवधिमा विकासका सूचकहरूमा आएको परिवर्तनको विवेचना, व्याख्या र विश्लेषण गरिनेछ । यसको लागि सम्वन्धित निकायहरूले आफूले गरेका अध्ययन अनुसन्धान, कार्यालय अभिलेख, स्थानीय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रकाशनहरू समेतबाट तथ्यांकहरू संकलन गरी प्रारम्भिक विषयगत विश्लेषण गर्नुपर्ने हुन्छ । यस विश्लेषणका लागि विषयगत कार्यालय तथा साझेदार संस्थाका प्रमुखहरूले विशेषज्ञको भूमिका निर्वाह गर्नुपर्दछ । प्रारम्भिक विश्लेषणबाट प्रमुख विकास मुद्दाहरू, विशिष्टीकरण (specialization) तथा स्थानीय तहमा उपलब्ध साधन स्रोत एंव सम्भावनाहरू (potentials) तथ्यगत रूपमा झल्किनेछन् । यसका साथै उपलब्ध नभएका तर आवश्यक पर्ने थप तथ्यांकहरूको समेत जानकारी हुनेछ । यसबाट योजना तजुमाका लागि तथ्यांकहरू कुन तहसम्मको आवश्यक पर्ने हुन्छ ? सो समेत निर्क्योल गर्न सकिने छ ।

प्रारम्भिक विश्लेषण गर्दा आवश्यक पर्न सक्ने सूचकहरूको आधारमा आवश्यक पर्ने तथ्यांकहरूको सूची (checklist) तयार पारिने छ भने छुटफुट भएका तथ्यांक सम्वन्धी सूचीमाथि छलफल गरी थपघट गरी संकलन गरिनेछ ।

### ३.३.२ विस्तृत अध्ययन तथा विश्लेषण

प्रारम्भिक विश्लेषणबाट सृजना गर्नुपर्ने महत्वपुर्ण सूचना तथा आवश्यक तथ्यांकहरू पत्ता लगाइनेछ । साथै यसबाट विस्तृत अध्ययन गर्ने क्षेत्रहरू समेत पहिचान गरिनेछ। योजना तर्जुमा समितिहरूले सूचनाको महत्व, समयको उपलब्धता तथा साधनस्रोत समेतलाई दृष्टिगत गरी विस्तृत अध्ययन तथा विश्लेषण गरिनेछ ।

### ३.३.३ तथ्यांक तथा सूचनाको खण्डीकरण (Disaggregated Data & Information)

समष्टिगत सूचना तथा तथ्यांकले गाउपालिकाको बृहत् वस्तुस्थिति चित्रण गर्छ तर गाउपालिका भित्र विभिन्न क्षेत्रको तुलनात्मक विश्लेषणको लागि सूचना तथा तथ्यांकलाई यथासम्भव वडा तहमा खण्डीकृत गरिनेछ । यस अतिरिक्त सूचना तथा तथ्यांकको खण्डीकरण गरी लैङ्गिक, आर्थिक, जातजाति, अपाङ्गता आदि पक्षको अवस्था चित्रण गर्न सक्ने तहमा विश्लेषण गरिनेछ ।

### ३.३.४ वस्तु स्थिति विश्लेषणमा समावेश हुने विषयहरुको रुपरेखा

विश्लेषणको आधारमा योजनाको लक्ष्य तथा उद्देश्य किटान गर्नुपर्ने हुंदा विश्लेषण तथा योजना तजूमालाई छुट्टाछुट्टै दुई भागमा प्रस्तुत गरिनेछ । पहिलो भागमा वस्तुस्थिति चित्रण/ विश्लेषण प्रस्तुत गरिनेछ ।

- भौगोलिक तथा भौतिक स्थिति चित्रण
- जनसङ्ख्या विवरण तथा प्रक्षेपण (
- भू उपयोग ○ भूवर्गीकरण नक्सा ○ भिरालोपन नक्शा ○ कृषि उपयोग नक्शा
    - वातावरण तथा जलवायु परिवर्तन संवेदनशील क्षेत्र नक्शा ○ शहरी भू उपयोग नक्शा ○ जोखिमयुक्त स्थानहरुको नक्शा ○ गरीवी नक्शाङ्कन
- शहरीकरण तथा वस्ती विकासको स्वरुप
- आर्थिक तथा रोजगारी स्थिति ○ स्थानीय अर्थतन्त्रको संरचनात्मक स्वरुप ○ घरपरिवारको आयस्तर तथा गरिवीको स्थिति
- कृषि तथा सिंचाइ क्षेत्र
- उद्योग तथा खानी क्षेत्रको स्थिति
- व्यापार, पर्यटन तथा सेवाक्षेत्रको स्थिति
- भौतिक पूर्वाधार(Physical Infrastructure & Utilities)
    - सडक यातायात ○ सञ्चार प्रणाली
    - विद्युत् तथा नविकरणीय/वैकल्पिक ऊर्जा विकास स्थिति
    - ढल निकास
    - फोहरमैला ब्यवस्थापन ○ नदी नियन्त्रण
- सामाजिक पूर्वाधार तथा सेवा ○ शिक्षा ○ स्वास्थ्य ○ खानेपानी तथा सरसफाई ○ खेलकुद तथा मनोरन्जन ○ समाज कल्याण ○ सुरक्षात्मक सेवा
    - महिला तथा बालबालिकाको विकास स्थिति
    - उपेक्षित, उत्पीडित, दलित आदिवासी, जनजाति तथा पिछडिएकाको समुदाय स्थिति
- वन व्यवस्थापन
    - वन क्षेत्रको स्थिति ○ वन संरक्षण तथा जैविक विविधता ○ वन उत्पादन तथा सामुदायिक सहभागिता ○ ग्रामीण तथा शहरी वातावरण स्थिति
    - भूदृश्य व्यवस्थापन
- संस्थागत स्रोत तथा क्षमता ○ जनशक्तिको विवरण ○ वित्तीय स्रोत तथा क्षमता विश्लेषण ○ गाउंपालिको आर्थिक स्रोत तथा आय ○ विषयगत कार्यक्रममा लगानी स्थिति तथा प्रक्षेपण

- ○ केन्द्रीयस्तर विषयगत कार्यक्रम र आयोजनामा लगानी स्थिति तथा प्रक्षेपण ○ गैससहरुले आर्थिक तथा सामाजिक पूर्वाधार सृजना गर्ने कार्यक्रममा गरेको लगानी तथा प्रक्षेपण ○ निजी क्षेत्रले आर्थिक तथा सामाजिक पूर्वाधार सृजना गर्ने कार्यक्रममा गरेको लगानी तथा प्रक्षेपण
- ○ स्थानीय जनशक्ति तथा प्राविधिक क्षमता विश्लेषण ○ योजना तर्जुमा तथा कार्यान्वयन क्षमता विश्लेषण ३.३.५ समस्या तथा सम्भावना विश्लेषण  समीक्षा कार्यशाला गोष्ठी

विषयगत योजना तर्जुमा समितिहरूले आवश्यकता अनुसार विशेषज्ञको सेवा समेत लिई विद्यमान अवस्थाको विश्लेषण गरी विषयगत तथा क्षेत्रगत समस्या तथा सम्भावनाहरू समेट्ने गरी प्रतिवेदन तयार गरिनेछ । विगतको परिलक्षित दीर्घकालिन सोच, निर्देशक सिद्धान्त लगायत  लक्ष्य, उद्देश्यहरु प्राप्ति तर्फ के कस्ता सफलता हासिल भयो वा भएन ? दस्तावेजमा उल्लेख भए बमोजिम विकासका कार्य त्यसतर्फ उन्मुख भए कि भएनन् ? प्रगति हासिल भएको भए कुन तहका उद्देश्यहरुका सूचकको अवस्था कस्तो रहेको छ ? विगतको राम्रा पक्ष तथा दुर्वल पक्ष वा कमजोरी के रहे ? कार्यान्वयन सिकाइहरु के रहे ? भन्नेबारे गहन विश्लेषण गरिनेछ ।

गोष्ठीमा सूचना विश्लेषणका आधारहरू, यसमा  अपनाइएका तरिकाहरू र विश्लेषणबाट प्राप्त समष्टिगत सूचनाहरूलाई प्रस्तुत गरी छलफल गरिनेछ । त्यसमा छुट हुन गएका कुनै महत्वपूर्ण सूचनाहरू भएमा सहभागीहरूबाट प्राप्त सुझावका आधारमा सर्वसम्मतिको आधारमा  वस्तुगत विवरणलाई अन्तिम रूप दिइने छ ।

## ३.४ योजना तथा कार्यक्रम तजूमा

एकिकृत विकास योजनाको पहिलो भागको रूपमा गाउपालिकाकौ वस्तुस्थिति चित्रण तथा विश्लेषण भएपछि योजना तथा कार्यक्रम तर्जुमा (planning and programming) गर्ने, आवधिक योजनाको अवधिभर संचालन गरिने प्रमुख कार्यक्रम तथा प्राथमिकता प्राप्त परियोजनाहरूको छनौट तथा कार्यान्वयन योजना तयार गर्ने जस्ता कार्यहरू गरिनेछन् । ३ वर्ष र ५ वर्षको आवधिक रणनीतिक योजना तयार गरि यसको कार्यान्वयन योजना तयार गर्नु पर्ने छ । साथै मध्यावधि खर्च प्रक्षेपण गरी योजनामा परिमार्जन गर्न सकिने प्रावधान राखिने छ ।

### ३.४.१ विकासको समस्या, समाधान, सम्भावना तथा चुनौतीहरुको पहिचान

योजनाले वर्तमानका समस्याहरूको समाधानको बाटो पहिल्याउने हुनाले विषयगत योजना तर्जुमा वस्तुस्थिति विश्लेषणको निचोडका आधारमा विकासका समस्याहरूलाई पुनः एकपटक केलाई चुनौतीका रूपमा रहेका प्रमुख समस्याहरूको विवरण तयार गरिनेछ । यसैगरी स्थानीय तहमा उपलब्ध अवसर र विकासका सम्भावनाहरूको विवरण तयार गरिनेछ । यसको साथै विगतका विकास प्रयास तथा उपलब्धिको तुलनात्मक स्थिति तथा विकास गतिको संक्षिप्त विवरण समेत उल्लेख गरिनेछ । विषयगत योजना तर्जुमामा विकासका प्रमुख सवाल र समस्याहरूलाई समावेश गरी प्रारम्भिक तहको विश्लेषण समेत गर्ने छन । यसको साथै समस्याहरू समावेश गर्दा गाउपालिकाको वस्तुस्थिति विश्लेषणमा तथ्यपूर्ण एवम् वस्तुपरक रूपमा समावेश भएका मध्येबाट मुख्य मुख्य समस्याहरू छनौट गरी गरिनेछ । समस्याहरू को पहिचान गर्नका लागि प्रत्येक प्रमुख समस्याहरूको कारण र अन्तरनीहित कारण (कारणको पनि कारण) समेत पहिल्याइनेछ । साथै ती समस्या समाधानका लागि लिइनुपर्ने ठोस समाधानका उपायहरू र रणनीतिहरू समेत तयार गरिनेछ । समस्या/सवालहरूको विश्लेषण गरिसकेपछि त्यसको समाधानका लागि उपलब्ध अवसर/ सम्भावना, स्थानीय सीप र दक्षता एवम् सबलता आदि कुराहरूको समेत विश्लेषण गरिनेछ ।

### ३.४.२ विकासको लागि निर्देशक सिद्धान्तहरुको निर्धारण

विकास प्रक्रियाले मानवको जीवनस्तरमा उल्लेखनीय परिवर्तन ल्याए तापनि यसले जटिलता पनि थप्दै लगेको छ । बढ्दो गरिवी तथा भौगोलिक विषमताले गर्दा विकासको प्रतिफल जनसंख्याको ठूलो हिस्साले प्राप्त गर्न सकेको छैन । योजनाबद्ध विकासको थालनी सँगै विकासका समस्याहरूलाई समाधान गर्न के कस्तो रणनीति अख्तियार गर्नुपर्ने हो सो सम्बन्धमा विभिन्न विकास अवधारणाहरूको जन्म तथा प्रयोग भइरहेको छ । विकास सिद्धान्तले समाजमा विद्यमान समस्याहरूको समाधानको लागि अगाडि बढ्ने बाटो देखाउने हुंदा के कस्तो विकास सिद्धान्तहरूलाई अपनाउनु पर्ने हो सो सम्बन्धमा विकाससँग सरोकार राख्ने सबै पक्षबीच व्यापक छलफल हुनु आवश्यक छ । विकासको लागि देहाय बमोजिमको विकास अवधारणा बारे छलफल गरी  विकासको निर्देशक सिद्धान्तहरू निर्धारण गर्नु उपयुक्त हुनेछ जसका लागि निम्नानुसारका सिद्धान्तलाई अंगीकार गरिने छ ।

१. **जनकेन्द्रीत विकास**

- जनताले चाहे अनुसारको विकास कार्यहरूको संचालन
- जनसबलीकरण
- प्रजातान्त्रिकरण
- जनताको संलग्नता र सहभागिता

२. **दीगोपना**

- प्राकृतिक स्रोत साधनहरुको दिगो उपयोग
- वातावरण अनुकूलन

३. **स्थानीयता तथा विश्वव्यापीकरण**

- स्थानीय स्रोत, साधन र सीपको उपयोग हुने खालको विकास
- आर्थिक गतिविधि बढाई स्थानीय अर्थतन्त्रमा भित्रिने रकमलाई स्थानीय क्षेत्रमा नै राख्ने विकास

४. **संस्थागत विकास**

- स्थानीय गैरसरकारी संस्थाको विकास
- उपभोक्ता समूहको विकास
- समुदायमा आधारित सँगठनहरूको विकास
- सहकारिताको विकास
- समिति/उपसमितिहरुको क्षमता विकास
- बालक्लव/सञ्जाल, बाल सहभागिता (स्वास्थ्य, शिक्षा, स्थानीय योजना तर्जुमा)

५. **अवसरमा समानता**

- न्यूनतम आधारभूत आवश्यकताको परिपूर्ति
- सबैलाई रोजगारीको अवसर
- सेवा र सुविधामाथि सबै वर्गको समान पहुँच

६. **निजी क्षेत्र विकास**

- सरकारी तथा निजी क्षेत्रको साझेदारिता
- निजी क्षेत्रलाई लगानीको वातावरण र जिल्लाको आर्थिक विकासमा निजी क्षेत्रको अग्रणी भूमिका

७. **शहरीकरण तथा वस्ती विकास**

- वस्तीहरूलाई निश्चित ठाउँमा केन्द्रीकृत गरी सेवा तथा सुविधा प्रदान गर्न आर्थिक दृष्टिकोणले संभव हुने खालको विकास
- भूमिको क्षमता तथा उत्पादकत्व अनुरूपको प्रयोग

८. **सामाजिक न्याय**

- सामाजिक रूपले पिछडिएका वर्गको उत्थान
- आर्थिक रूपले पिछडिएको वर्गको उत्थान
- महिला, बालबालिका, वृद्ध, स्कूल नजाने युवा, अपांग तथा विपद पीडितहरूको उत्थान तथा विकास
- द्वन्द्व पिडीत तथा आन्तरिक रुपमा विस्थापीतको हित

९. लैङ्गिक समता तथा सामाजिक समावेशीकरण

- जातिगत आधारमा समावेशीकरण ( दलित, जनजाती, मधेशी, मुसलमान, थारु र अन्य पिछडिएको वर्ग )
- लैगींक अधारमा समावेशीकरण (महिला तथ पूरुष)
- क्षेत्रगत आधारमा समावेशीकरण

१०. स्थानीय सुशासन

- जवाफदेहीता
- पारदर्शिता
- प्रतिवद्धता
- नागरिक समाजको प्रवर्द्धन

दीर्घकालीन सोचको आधारमा जिल्लाको प्रतिबद्धता, विशेषता र चाहना स्पष्ट दर्शाउने गरी विकासका सिद्धान्तहरू तय गरिनेछ । यस्ता सिद्धान्तहरु दीर्घकालीन प्रकृतिका हुनेछन । यस सम्वन्धि विशेषताहरू देहायबमोजिम हुनेछनः

- सिद्धान्तहरू बढी बृहत् हुनेछ। अर्थात् यिनीहरूले गाउंविकासका धेरै आयामहरू समेटेको हुनेछः ।
- आफ्नो विशेषता, चुनौति, प्रतिबद्धता, विकासका लागि स्थानीय स्तरमा उपलब्ध अवसर र सम्भावनाहरूका आधारमा तय गरिनेछ। अर्थात् यी कुराहरु सिद्धान्तहरूमा दर्शाइएको हुनेछः ।

**३.४.३ विकासको समष्टिगत लक्ष्य, उद्देश्य तथा रणनीति निर्धारण:**

विकासको समष्टिगत लक्ष्य, उद्देश्य तथा रणनीति निर्धारण सहभागितात्मक योजना तर्जुमा गोष्ठीको माध्यमबाट गरिनेछ। उल्लेखित कुराहरू निर्धारण गर्दा गाउको वस्तुस्थिति विश्लेषणबाट निस्केका निष्कर्षहरूलाई मुख्य आधारको रुपमा  लिइनेछ। निर्दिष्ट लक्ष्य तथा उद्देश्यहरू हासिल हुन सहयोग गर्ने गरी  विशेषताको आधारमा रणनीतिहरू समेत तर्जुमा गरिनेछ। विकासको समष्टिगत लक्ष्य, उद्देश्य तथा रणनीति निर्धारण गर्दा तर्कपूर्ण योजना पद्धतिलाई प्रयोग गरिने छ । यस पद्धतिमा विभिन्न तहमा रहेका उद्देश्यहरू जस्तै लक्ष्य, उद्देश्य, विषयगत उद्देश्य (नतिजा), कार्यक्रम तथा परियोजना (गतिविधि) लाई तर्कबद्ध तालिकामा राखी ठाडो र तेर्सो दुवै रूपमा तर्कसँगत (vertical and horizontal logic) रुपमा राखि अध्ययन तथा विश्लेषण गरिनछ। यसको साथै विकासका लक्ष्य, उद्देश्य र ती लक्ष्य र उद्देश्यहरू हासिल हुन सहयोग गर्ने गरी जिल्लाको विशेषताका आधारमा उपयुक्त रणनीतिहरू तर्जुमा गरिनेछ।

**३.४.४ विकासका विषयगत उद्देश्यहरु तथा प्राथमिकता निर्धारण**: विकासका उद्देश्यहरू प्राप्त गर्न निकाल्नुपने नतिजाहरू नै विषयगत उद्देश्यहरू हुन् ।

गाउंपालिको समष्टिगत लक्ष्य, उद्देश्य, रणनीतिहरू तय भइसकेपछि विषयगत योजना, समष्टिगत लक्ष्य तथा उद्देश्यहरू प्राप्त गर्न सघाउने गरी निम्नबमोजिमको आधारमा आ-आफ्ना क्षेत्र (sector) को क्षेगत्रत रूपमा विषयगत उद्देश्यहरू पहिचान गरिनेछ।

**३.४.४.१ आर्थिक विकास प्राथमिकता**: अघिल्ला भागहरूमा गरिएको वस्तुस्थिति विश्लेषणका आधारमा अर्थतन्त्रको अग्रणी क्षेत्र (lead sector) पहिचान हुनेछ। मूलत त्यसैका आधारमा आर्थिक विकास प्राथमिकता निर्धारण गरिनेछ। कतिपय सन्दर्भमा औद्योगिक र पर्यटन क्षेत्र पनि आउन सक्छ। त्यसैले अर्थतन्त्रको विश्लेषण, उपलब्ध अवसर र सम्भावना एवम् जिल्लाको सोच र सिद्धान्तहरू समेतका आधारमा यो निर्धारण गरिनेछ। साथै विषयगत प्राथमिकताका आधारमा उपयुक्त रणनीतिहरू समेत निर्धारण गरिनेछ।

**३.४.४.२ सामाजिक विकास प्राथमिकता :**

सर्वसाधारणको सेवा र सुविधा माथिको पहुंच कस्तो छ ? आय र वितरणको स्थिति कस्तो  छ ? सामाजिक पूर्वाधार गरिव वर्ग सम्मको पहुंचमा छ छैन ? लक्षित कार्यक्रमबाट कुन वर्ग बढी लाभान्वित भएका छन् ?

आदि कुराहरूको विश्लेषणका आधारमा यो सामाजिक विकास प्राथमिकता पहिचान गर्न सकिन्छ। प्राथमिकता तोक्दा देहायका कुराहरू समेटिनेछ।

(क) जनसंख्या व्यवस्थापनका विविध पक्ष

(ख) मानवीय र सामुदायिक विकास

(ग) शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाइ आदि सामाजिक पूर्वाधार विकास

(घ) सीप विकास, दक्षता अभिवृद्धि, ज्ञान व्यवस्थापन, आदि

(ङ) बाल बालिका लैङ्गिक समानता, उत्पीडित, जनजाति विकास एवम् आर्थिक र सामाजिक न्याय

(च) सांस्कृतिक विकास, ऐतिहासिक र पुरातात्विक स्थलहरूको संरक्षण।

(छ) सामाजिक विकाससँग सम्बन्धित अन्य।

**३.४.४.३ वातावरणीय विकास प्राथमिकता**

वातावरणीय क्षेत्रमा भएका समस्या र सम्भावनाहरूको विश्लेषणबाट देखिएका कुराहरूका आधारमा प्रदूषण, विपद व्यवस्थापन हावापानी परिवर्तन, बाढीपहिरो, फोहरमैला व्यवस्थापन, वन संरक्षण, जैविक विविधता संरक्षण आदि कुराहरूको गहनताको जानकारी हुनेछ। सोही आधारमा दीगो विकासको अवधारणामा आधारित भई यो क्षेत्रको विकास प्राथमिकता पहिचान गरिनेछ। यसलाई नक्सामा अंकित गरिएमा अझ उत्तम हुनेछ। वातावरण वहु आयामिक विषयवस्तु (cross cutting issue) भएकाले यो प्राथमिकताले विकासका अन्य क्षेत्रहरूलाई समेत प्रभाव पार्ने हुनाले उपयुक्त रणनीतिहरू स्पष्ट रूपमा अख्तियार गरिनेछ।

**३.४.४.४ पूर्वाधार विकास प्राथमिकता**

यो पूर्वाधार विकास प्राथमिकता पहिचान गर्दा देहायबमोजिमका कुराहरूलाई विशेष ध्यान दिनुपर्ने हुन्छः-

(क) पूर्वाधारको उपयोगमा सर्वसाधारण/ बालबालिका एवं अपाङ्गता भएका व्यक्तिहरुको पहुंचको स्थिति

(ख) विकासका सम्भावनाहरूलाई उपयोग गर्न पूर्वाधार विकासले पुऱ्याएको योगदान ( जस्तै - कृषि पकेट क्षेत्र र वजार, पर्यटन विकास, ऊर्जा विकास आदि)

(ग) पूर्वाधारहरूको आर्थिक विकास एवम् जनताको आय वृद्धि गराउनमा पुऱ्याएको सहयोग (

घ) विगतमा निर्मित पूर्वाधारहरुको मर्मत संभारको स्थिति र क्षमता (ङ) विपद व्यवस्थापनका लागि पुर्वाधार निर्माण।

**३.४.४.५ संस्थागत विकास प्राथमिकता**

यस प्राथमिकता अन्तर्गत देहायका कुराहरू समेटिनेछ
।

(क) विकेन्द्रीकरण, स्वशासन एवम् जनसहभागिता परिचालन

(ख) नागरिक समाजको सवलीकरण, सशक्तिकरणका विविध पक्ष

(ग) स्थानीय स्रोत, साधन, सीपको अभिवृद्धि र अधिकतम उपयोग

(घ) संस्थागत समन्वय र संजाल, कार्यगत एकता

(ङ) विकासमा साझेदारीपनको विकास

(च) सँगठनात्मक क्षमता र दक्षता अभिवृद्धि

(छ) जिम्मेवारी र उत्तरदायित्व निर्वाहमा प्रभावकारिता

(ज) अनुगमन, सुपरिवेक्षण, मूल्यांकन लगायत योजना तर्जुमा र विकास व्यवस्थापनमा सुदृढीकरण

(झ) संस्थागत विकास र सुशासन

**३.४.४.६ विपद व्यवस्थापन विकास प्राथमिकता**

नेपाल विपद्बाट प्रभावित भईरहने देश हो र हरेक वर्ष यसले विभिन्न प्रकारका विपद्हरूको सामना गरिरहनुपरेको छ। देशको भौगर्भिक, भौगोलिक तथा हावापानीजन्य अवस्थाले गर्दा बहुसङ्ख्यक नेपालीहरू हर समय एक वा अर्को विपद्को सम्भावित जोखिमयुक्त अवस्थाबाट गुज्रिरहेका हुन्छन्। प्रत्येक वर्ष विपद्बाट उल्लेख्य सङ्ख्यामा मानिसको निधनको साथै भौतिक पूर्वाधारहरूको ठूलो क्षति भईरहेको कुरा विगतका तीन दशकका उपलब्ध

आँकडाहरूले प्रष्ट पार्दछ । नेपाल मनसुनी बाढी, पहिरो तथा महामारीबाट वर्षेनी प्रभावित हुने गरेको छ । यसका अतिरिक्त भूकम्प, आगलागी, सुख्खा, अनिकाल, हिमताल विष्फोटनबाट हुने बाढी, आँधीबेहरी, असिना, चट्याङ्ग, उष्ण तथा शितलहर आदि जस्ता विपद् तर्फ सदैव सङ्कटाभिमुख (vulnerable) समेत रहेको छ । देशमा विपद् दोहोरिंदै जानु र यसबाट प्रतिकूल प्रभाव बढ्दै जानुमा विविध प्राकृतिक एवं मानवजन्य कारणहरू जिम्मेवार छन् । नदी किनारा एवं बगरहरूको अतिक्रमण, डाँडा पाखाका जलाधार क्षेत्रहरूमा योजना बेगर भू-उपयोग गर्ने प्रवृत्तिले विपद्को दुष्प्रभावलाई बढाउँदै भूक्षयजन्य समस्या अझ चर्को बन्दै गएको छ । बारम्बार घटिरहने विपद्ले गर्दा देशको विकास प्रयास तथा गरिबी निवारण कार्यक्रमलाई नकारात्मक असर परिरहेको छ । त्यसकारण जिउधनको सुरक्षार्थ तथा विकासको प्रतिफललाई दिगो राख्न विपद् जोखिम न्यूनीकरणलाई विकास योजनाको मूलधारमा समावेश गराउने तर्फ बढी केन्द्रीत हुनु आवश्यक हुने देखिन्छ ।

### ३.४.५ सूचकहरुको निर्धारण

लक्ष्यदेखि प्रत्येक तहका उद्देश्यका लागि पछि सो प्राप्त भयो कि भएन भनी स्पष्ट रूपमा नाप्न वा मापन गर्न सकिने सूचकाँकहरू निर्धारण गरिनेछ । सूचक नै योजनाको सफलता नाप्ने कडी हो । यस्ता सूचकहरू सामान्यतया चार प्रकारका हुन्छन् - (क) लगानी तहका आधारभूत सूचक वा प्रक्रिया सूचक, (ख) उपलब्धि तहका सूचकहरु, (ग) परिणाम तहका सूचक र (घ) प्रभाव तहका सूचकहरु ।

सूचकहरु SMART अर्थात विशिष्ट ( Specific), मापन योग्य (Measurable), प्राप्त गर्न योग्य ( Achievable), सान्दर्भीक (Relevant) तथा समय किटान भएको ( Time bound ) हुनेछन । सूचक बनाउंदा देहायका कुराहरूलाई पनि ध्यान दिइनेछः

- विद्यमान राष्ट्रिय नीति र कार्यक्रमहरू एवम् ऐन/नियमहरू, जसको विपरीत हुने गरी वा तिनीहरुसँग बाँझिने गरी सूचकहरू तय गरिने छैन ।
- गाउपालिकाको विगतको उपलब्धि, सङ्गठनात्मक एवम् व्यवस्थापकीय क्षमता एवम् आर्थिक क्षमता र अनुभवलाई ख्याल गरिनेछ, जसले सूचकहरू महत्वाकांक्षी हुन नदिई वास्तविकतामा आधारित गराउन मद्दत पुऱ्याउँछ ।
- उपलब्ध आर्थिक, वित्तीय र मानवीय क्षमता एवम् सङ्गठनात्मक व्यवस्थालाई ध्यान दिइनेछ । ☐ सूचकहरू मितव्ययी (कम लागतमा) रूपमा सहजै तर स्पष्ट रूपमा मापन गर्न सकिने हुनेछन ।

### ३.४.६ प्रमाणित गर्ने आधारहरुको पहिचान

सूचकहरू निर्धारण गरिसकेपछि ती सूचकहरू हासिल भए कि भएनन् वा योजनाका उद्देश्यहरूमा कुन हदसम्म सफलता प्राप्त भयो भनी लेखाजोखा गर्ने आधार वा योजनाको मूल्यांकन गर्दा सफलता मापन गर्न प्रमाणित गर्ने आधार पछि कहां पाइन्छ भन्ने कुरा पनि योजना तजूमाकै क्रममा निर्धारण गरिनेछ । यसरी प्रमाणित गर्ने आधार पहिचान गर्दा देहायका कुराहरू ख्याल गरिनेछ ।

- के ती प्रमाणित गर्ने आधारहरू मौजुदा स्रोतबाटै उपलब्ध हुन्छन् (तथ्यांक, अभिलेख, अवलोकन आदि) ?
- ती स्रोतहरू कत्तिको भर पर्दा छन् ?
- के विशेष किसिमको तथ्यांक संकलन गर्नुपर्ला ? यदि पर्छ भने कति खर्च लाग्ला ?
- के नयां स्रोत खडा गर्नुपर्छ ? पर्छ भने त्यो कुन हो ?
- यदि कुनै सूचकको प्रमाणित गर्ने आधार भेटिएन भने त्यस्तोको हकमा सम्बन्धित सूचक नै बदल्नुपर्छ ।

### ३.४.७ जोखिम पक्षहरूको पहिचान

जोखिम पक्षहरू यस्ता अवस्था हुन् जुन भविष्यमा योजना कार्यान्वयनको क्रममा देखा पर्न सक्छन् र योजनाको उद्देश्य वा नतिजा हासिल गर्नमा नकारात्मक बाधा पार्न सक्छन् । तर ती अवस्थाहरू योजनाको नियन्त्रणभन्दा बाहिर रहेका हुन्छन् । यस्ता जोखिम पक्षहरू योजना तजूमाकै क्रममा राम्ररी केलाई पहिचान

गरिनेछ। साथै त्यसको देखा पर्ने सम्भावना र गहिराइका आधारमा केही क्रियाकलापहरू तर्जुमा गरी यिनीहरूबाट योजनामा पर्ने नकारात्मक असरलाई न्यून गर्ने प्रयास गरिनेछ।

**<u>जोखिम पक्षहरू</u>**

- यी महत्वपूर्ण हुन्छन् । यिनीहरूको गहिराइ र सम्भावनाका आधारमा लेखाजोखा गरिनेछ।
- यिनीहरु योजनाको सिधै नियन्त्रणको स्थितिभन्दा बाहिर रहेका हुन्छन् तर योजनालाई प्रभाव गरिनेछ् ।
- योजनाको सफलताको लागि यिनीहरूलाई ख्याल गरिनेछ।
- यस्ता जोखिम पक्षलाई सकारात्मक वाक्यमा लेखिनेछ । जस्तैः शिक्षित युवाहरूका लागि पर्याप्त रोजगारीका अवसरहरू उपलब्ध भएका हुनेछन् ।

## ३.५ कार्यक्रम र आयोजनाहरुको छनौट

प्रत्येक प्रस्तावित आयोजनाको विवरण/पंजिका तयार भइसकेपछि आयोजना/कार्यक्रमको छनौट प्रक्रिया सुरु गरिनेछ। छनौट प्रक्रियाको प्रारम्भमा दोहोरो पर्न गएको, अनावश्यक तथा अन्य निकायहरूबाट कार्यान्वयन हुने योजनाहरू हटाई प्रारम्भिक सूची तयार गरिनेछ। प्रारम्भिक छनौट गर्दा देहायका उद्देश्यहरूलाई आधार मान्न सकिन्छ।

क. दोहोरिएका वा अतिरिक्त आयोजनाहरु गाभ्ने

प्रत्येक प्रस्तावित आयोजना/कार्यक्रमको विवरणहरू अध्ययन गरी एकै किसिमको विवरण, उद्देश्य, लाभान्वित समूह तथा आयोजनास्थल भएका आयोजनाहरू पहिचान गरी एकै किसिमको वा लगभग एकै किसिमको आयोजनाहरूलाई गाभी एउटै आयोजनाको रूपमा मान्यता दिइनेछ।

ख. हेर्दै अव्यवहारिक वा नचाहिने जस्तो लाग्ने आयोजनाहरु हटाउने प्रत्येक प्रस्तावित आयोजना/कार्यक्रमको विवरण अध्ययन गर्दा हेर्दै अव्यवहारिक वा अनावश्यक लाग्ने आयोजनाहरू प्रारम्भिक सूचीबाट हटाउन सकिन्छ। प्रारम्भिक सूचीमा रहेका आयोजनाहरू बीच द्वन्द्व- परिपुरक-अनुकूल सम्बन्ध मध्ये कुन प्रकारको सम्बन्ध छ ? सोको मूल्यांकन गरी धेरै आयोजनासँग द्वन्द्व सम्बन्ध राख्ने आयोजनालाई प्रारम्भिक सूचीबाट हटाउन सकिनेछ। केहीसँग द्वन्द्व सम्बन्ध भए पनि अरूसँग परिपूरक वा अनुकूल सम्बन्ध भए त्यस्ता आयोजनाहरूलाई द्वन्द्व हटाउने गरी पुनः तर्जुमा गर्न सकिन्छ।

## ३.६ कार्यक्रम र आयोजनाहरुको वर्गीकरण *(Ranking of the Projects)*

प्रस्तावित आयोजना/कार्यक्रमको प्राथमिक सूची (preliminary list)तयार भइसकेपछि त्यसमध्ये कुन आयोजना वा कार्यक्रमले आवधिक गाउंविकास योजनाको लक्ष्य तथा उद्देश्य प्राप्त गर्न सर्वाधिक मद्दत गर्दछ सोको आधारमा प्रस्तावित आयोजना/कार्यक्रमलाई वर्गीकरण तथा क्रम निर्धारण गरिनेछ । यसको लागि निम्नलिखित दुई विधिको प्रयोग गर्न सकिनेछः

- लक्ष प्राप्ति मूल्यांकन विधि
- पूंजीगत आयोजना प्राथमिकता मूल्यांकन विधि

## ३.७ प्रमुख कार्यक्रम छनौट तथा बजेट व्यवस्था

लक्ष्य प्राप्ति विश्लेषण तथा पूँजीगत आयोजना प्राथमिकता विश्लेषणका आधारमा उपलब्ध हुने कूल बजेटको आधारमा संचालन हुने मुख्य मुख्य आयोजना तथा कार्यक्रमहरू छनौट गरिनेछ । प्रत्येक आयोजना तथा कार्यक्रमका लागि आवश्यक पर्ने बजेट तथा बजेट उपलब्ध हुने स्रोतको उल्लेख गरिनेछ । उपलब्ध हुने बजेटभन्दा बढी बजेट आवश्यक परेको खण्डमा बढी हुने रकम कसरी पूर्ति गर्ने हो सोको लेखाजोखा समेत गरी थप बजेट जुटाउने रणनीति समेत उल्लेख गरिनेछ।

## ३.८ सँगठनात्मक संरचना र विकास व्यवस्थापन

### ३.८.१ जिम्मेवारी तालिका

कुन कार्यक्रम कसले सञ्चालन गर्ने, कसले अनुगमन गर्ने र कुन निकायले सहयोगीको भूमिका निर्वाह गर्ने भन्ने कुरा तय गरिनेछ । यसले पछि अनुगमन तथा मूल्यांकन कार्यमा पनि सघाउ पुऱ्याइनेछ । आवधिक योजनाले निर्धारण गरेका उद्देश्य प्राप्तिका लागि सञ्चालन गरिने विभिन्न कार्यक्रमहरूको कार्यान्वयन मूलत विषयगत कार्यालयहरू, गैरसरकारी संस्था/सामुदायिक सङ्घसंस्थामार्फत् एवम् निजी क्षेत्रको परिचालनद्वारा गरिनु उपयुक्त हुन्छ । यसमा संयोजक, उत्प्रेरक, सहयोगी र समन्वयकर्ताको भूमिका निर्वाह गरिनेछ ।

### ३.८.२ अनुगमन तथा मूल्यांकन पद्धति

व्यवस्थित अनुगमन र मूल्यांकन पद्धति मार्फत कार्यान्वयनलाई बढी प्रभावकारी, मितव्ययी र नतिजामुखी बनाइनेछ । त्यसैले योजना कार्यान्वयन गर्दा अनुगमन कसले, कसरी गर्ने, त्यसको तौरतरिका के हुने, अनुगमनबाट देखिएका कुराहरूका आधारमा कार्यान्वयन पक्ष कसरी सुधार्ने आदि लगायत नियमित, मध्यावधि र अन्तिम मूल्यांकन कुन निकायले कसरी गर्ने र उत्तरदायित्वको पक्ष कस्तो हुने भन्ने कुरा समेत योजना दस्तावेज यसमा स्पष्ट गरिनेछ । अनुगमन गर्दा देहायका कुराहरूको आधारमा गरिनेछ ।

(क) कार्यान्वयन योजना

(ख) आयोजना विवरण तालिका

(ग) जिम्मेवारी तालिका

## ३.९ योजना कार्यान्वयनको लागि पूर्वतयारी तथा वार्षिक लगानी कार्यक्रम

### ३.९.१ योजनाको कार्यान्वयनको व्यवस्था

योजना दस्तावेज पारित भइसकेपछि सोको कार्यान्वयन गर्नको लागि आवश्यक पूर्वाधार सृजना गर्नुपर्ने तथा सबै सरोकार पक्षबीच समन्वय, समझदारी तथा साझेदारिता गर्नुपर्ने हुंदा सबै सरोकार पक्षहरूको सहभागितामा एक कार्यान्वयन पूर्वतयारी गोष्ठी गरिनेछ ।

### ३.९.२ वार्षिक लगानी कार्यक्रम

आवधिक विकास योजनामा कार्यान्वयनको लागि प्राथमिकताक्रम निर्धारण गरिएका आयोजना तथा कार्यक्रमहरूलाई कार्यान्वयन योजना (implementation design) मा उल्लेख गरिए बमोजिम कार्यान्वयनको लागि वार्षिक बजेट सिलिङ, राष्ट्रिय योजना आयोग तथा विषयगत मन्त्रालयको मार्गनिर्देशनको आधारमा प्रत्येक आर्थिक वर्षमा कार्यान्वयनका लागि वार्षिक लगानी योजना वा कार्यक्रम तयार गरिनेछ ।

४. **प्रस्तावित जनशक्तिको वैयक्तित विवरण (Manning)**

| विषय विज्ञ र विज्ञता | विज्ञको सहयोग समय | योग्यता तथा अनुभव |
|---|---|---|
| टोली प्रमुख/विकास योजना विज्ञ | ३ महिना | अर्थशास्त्र, बाणिज्यशास्त्र, ग्रामीण विकास, योजना विकास आदिमा स्नातकोत्तर गरी योजना तर्जुमामा कम्तीमा ७ वर्षको कार्य अनुभव रहेको । |
| अर्थशास्त्री/बित्तिय बिश्लेशक | २ महिना | अर्थशास्त्रमा स्नातकोत्तर गरि कम्तीमा ७ बर्षको अनुभव भएको |
| स्वास्थ्य तथ सरसफाई विज्ञ | १ महिना | जनस्वास्थ्य विषयमा स्नातकोत्तर गरी कम्तीमा ५ वर्षको अनुभव भएको |
| सामाजिक (शिक्षा, पर्यटन बिज्ञ | २ महिना | समाजशास्त्रमा स्नातकोत्तर गरी कम्तीमा ५ वर्षको अनुभव भएको |
| बन तथा वतावरणविद | १ महिना | वातावरणशास्त्रमा स्नातकोत्तर गरी कम्तीमा ५ वर्षको अनुभव भएको |
| भौगोलिक सूचना प्रणाली विशेषज्ञ | १ महिना | भैगोलिक विषयमा स्नाकत्तोर गरी भू सूचना प्रणालीमा तालिम प्राप्त गरी कम्तीमा ५ वर्षको अनुभव भएको |
| सिभिल इन्जिनियर | २ महिना | सिभिल इन्जिनियरिङ्ग विषयमा स्नातक गरी कम्तीमा ५ वर्षको अनुभव भएको |
| अनुसन्धान अधिकृत | २ महिना | अर्थशास्त्र, बाणिज्यशास्त्र, ग्रामीण विकास, योजना विकास आदिमा स्नातक गरी अनुसन्धान तथा योजना तर्जुमामा कम्तीमा ५ वर्षको कार्य अनुभव रहेको । |
| तथ्याङ्क संकलक | ३ महिना | स्नातक तह उतिर्ण गरी तथ्याङ्क संकलन कार्यमा कम्तीमा ५ वर्षको कार्य अनुभव रहेको । |

५. अध्यया कार्यको अवधि र कार्य योजना गाउपालिकाको आवधिक रणनीतिक योजना तयार गर्नका लागि ४ महिनाको समय प्रदान गरिने छ। उक्त समय अवधिमा योजना तयार गर्नु पर्ने छ। उक्त कार्यको कार्य योजना पेश गर्नु पर्ने छ।

६. प्रतिवेदन पेश गर्ने अध्ययन कार्यको सिलसिलामा निम्न अनुसारका प्रतिवेदनहरु पेश गरि योजनाको अन्तिम प्रतिवेदन तयार गरी पेश गरिने छ

| | |
|---|---|
| प्रारम्भिक प्रतिवेदन | सम्झौता भएको १ महिना भित्र |
| मस्यौदा प्रतिवेदन | सम्झौता भएको ३ महिना भित्र |
| अन्तिम प्रतिवेदन | सम्झौता भएको ४ महिना भित्र |

७. **भक्तानी तालिकाः**

गाउंकार्यपालिकाको कार्यालयबाट परामर्शदाता संस्थालाई देहायअनुसार समयतालिकामा भुक्तानी गरिनेछ ।

- प्रारम्भिक प्रतिवेदन पेश गरे पछिः सम्झौता रकमको २५ प्रतिशत
- मस्यौदा प्रतिवेदन पेश गरे पछिः सम्झौता रकमको २५ प्रतिशत
- अन्तिम प्रतिवदेन पेश गरेपछिः सम्झौता रकमको ५० प्रतिशत